apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २०३ ● पृष्ठ: ४ ● २४ साउन २०८३ आइतबार (09 August 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

# तीन महिना पुग्न लाग्दा पनि अभियांशुका हत्यारा पत्ता लागेनन्

**शुभ नारायण कामती**
सिरहा, साउन २३ गते



सिरहाको बरियारपट्टी गाउँपालिका-४ सोहपुरमा हत्या भएको अवस्थामा शव फेला परेका करिब तीन वर्षीय बालक अभियांशुकुमार यादवको हत्यामा संलग्न व्यक्ति तीन महिना पुग्न लाग्दा पनि पहिचान हुन सकेका छैनन् । लामो समय बितिसक्दा पनि हत्यारा पक्राउ नपरेपछि मृतकका परिवार चिन्तित र भयभीत बनेका छन् ।

लक्ष्मीपुरपतारी गाउँपालिका-१ नवटोली निवासी भोगेन्द्र यादवका दुई वर्ष १० महिनाका छोरा अभियांशुकुमार यादव मामाघर बरियारपट्टी-४ सोहपुरमा बस्दै आएका थिए । गत वैशाख २६ गतेदेखि बेपत्ता भएका बालकको शव दुई दिनपछि वैशाख २८ गते घरदेखि करिब ५० मिटर उत्तरतर्फ रहेको पोखरीबाट फेला परेको थियो ।

बालक हराएपछि परिवार, स्थानीयवासी तथा सुरक्षाकर्मीले खोजी गरेका थिए । स्थानीयस्तरमा खोजी गर्दा बालक फेला नपरेपछि सशस्त्र प्रहरी बलको विशेष गोताखोर टोली परिचालन गरिएको थियो । टोलीले पोखरीमा खोजी गर्ने क्रममा बालकको शव फेला पारेको थियो ।

शव फेला परेपछि प्रहरीले घटनालाई शंकास्पद मानेर अनुसन्धान अघि बढाएको थियो । पोस्टमार्टम रिपोर्ट तथा घटनास्थलबाट प्राप्त विवरणका आधारमा अनुसन्धान भइरहेको भए पनि हालसम्म घटनामा संलग्न व्यक्तिको पहिचान र पक्राउ हुन सकेको छैन ।

मृतक बालकका बुवा भोगेन्द्र यादवले लामो समय बितिसक्दा पनि छोराको हत्यामा संलग्न व्यक्ति पत्ता नलाग्दा परिवार थप त्रसित बनेको बताए । "अबोध छोराको हत्या भएको यति लामो समय बितिसक्दा पनि हत्यारा पत्ता नलाग्दा हामी झन् चिन्तित र भयभीत भएका छौं," उनले भने, "दोषीलाई तत्काल पहिचान गरी कानुनी कारबाही गरियोस् ।"

घटनाको अनुसन्धानमा ढिलाइ भएको भन्दै परिवारले अनुसन्धानलाई तीव्र बनाउन र दोषीलाई सार्वजनिक

बाँकी पृष्ठ ३ ▸▸

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:**

- घर वरिपरि पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं ,
- शरिर ढाक्ने कपडा लगाऔं ।
- सुत्दा झुल टाँगेर मात्र सुतौं ।
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सिरहामा ९१ किलो गाँजासहित एक जना पक्राउ, चार जना फरार



**अपन दैनिक संवाददाता**
सिरहा, साउन २३ गते

सिरहाको पूर्व दक्षिणी भेगमा पर्ने सखुवानन्कारकट्टी गाउँपालिका ४ सिमराहा गाउँ नजिकै बलान खोला क्षेत्रबाट प्रहरीले पुन: प्रतिबन्धित लागूऔषध गाँजाजस्तो देखिने पदार्थ बरामद भएपछि प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय लहान र महेशबारीबाट खटिएको संयुक्त गस्ती टोलीले शुक्रबार बिहान पाँचवटा बोरामा प्याक गरिएको ९१ किलो २५ ग्राम प्रतिबन्धित गाँजा जस्तो पदार्थ बरामद गरेको प्रहरीले जनाएको छ ।

महेशबारीस्थित इलाका प्रहरी कार्यालयबाट खटिएको गस्ती टोलीले बिहीबार राती पनि बोरामा प्याक गरिएको ५३ किलो ४६५ ग्राम प्रतिबन्धित गाँजा जस्तो पदार्थ बरामद गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालका अनुसार गाँजा बरामदसँगै छिमेकी भगवानपुर गाउँपालिका ४ जमुवा गाउँका करिब ४३ वर्षीय मोहन साहलाई पक्राउ

बाँकी पृष्ठ ३ ▸▸

# मत्स्य केन्द्रबाट एक वर्षमा ४ करोड ३८ लाख भुरा उत्पादन




**अपन दैनिक संवाददाता**
जनकपुरधाम, साउन २३ गते

जनकपुरस्थित मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्रले एक वर्षमा चार करोड ३८ लाख भुरा उत्पादन गरेको छ ।

केन्द्रका प्रमुख ज्ञानबहादुर जिरेलका अनुसार आर्थिक वर्ष २०८२-८३ मा केन्द्रले चार करोड ३८ लाख ह्याचलिङ, ३२ लाख फ्राइ भुरा, १३ लाख ८२ हजार फिङ्गरलिङ तथा दुई हजार ५३ किलो खाने माछा उत्पादन गरी बिक्री वितरण गरेको हो । भुरा बिक्रीबाट ३४ लाख ३५ हजार ५३६ आम्दानी भएको छ ।

यसैबीच, केन्द्रले सरकारी सम्पत्ति बहालबाट रु तीन लाख २४ हजार ३०० तथा अन्य प्रशासनिक सेवा प्रवाहबाट ५९ हजार आम्दानी गरेको छ ।

बाँकी पृष्ठ ४ ▸▸

**ग्यासमा कालो बजारी**

# सिरहामा सरकारले तोकेभन्दा प्रति सिलिन्डर २० रुपैयाँ बढी असुली

**अपन दैनिक संवाददाता**
सिरहा, साउन २३ गते



खाना पकाउने ग्यासमा नेपाल आयल निगमले तोकेको मूल्यमा थप २० रुपैयाँ सेवा शुल्क लिने ग्यास बिक्रेता संघले गरेको निर्णय स्थानीय प्रशासनले कारबाही गर्ने चेतावनी दिएपछि स्थगित भएको छ ।


सिरहा जिल्ला ग्यास बिक्रेता संघ सिरहाले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै गत १७ असारदेखि कायम गरिएको १४.२ केजी सिलिन्डरको बिक्री मूल्य दुई हजार ६० रुपैयाँ (मूल्य अभिवृद्धि करसहित) मा थप २० रुपैयाँ सेवा शुल्क लिएर दुई हजार ८० रुपैयाँमा बेच्न संघमा आबद्ध व्यवसायीहरूलाई निर्देशन जारी गरेको थियो ।

संघले नै निर्देशन दिएपछि व्यवसायीहरूले पेट्रोलियम पदार्थको आयात र बिक्री/वितरण गर्दै आइरहेको निगमले तोकेको मूल्यमा सेवा शुल्कको नाममा थप २० रुपैयाँ मूल्य थपेर बिक्री गर्दै आएको उपभोक्ताहरूको गुनासो छ ।

सरकारी दरभन्दा बढी मूल्यमा नबेच्न जिल्ला प्रशासन र इलाका प्रशासन कार्यालयले तोकेता गरिरहेका बेला उल्टै थप २० रुपैयाँ सेवा शुल्क लिएर ग्याँस बिक्री गर्न विज्ञप्तिमार्फत संघले निर्देशन दिएको भोलिपल्ट शनिबार पुन: अर्को विज्ञप्तिमार्फत उक्त निर्णय अर्को सूचना नभएसम्मका लागि स्थगित भएको जनाएको छ ।

बाँकी पृष्ठ २ ▸▸

# मधेशमा पाँच वर्षमा ९९ ट्रान्सफर्मर चोरी, किसान प्रभावित



**अपन दैनिक संवाददाता**
सिरहा, साउन २३ गते

मधेश प्रदेशका विभिन्न जिल्लामा ट्रान्सफर्मर चोरीका घटना बढ्दै गएका छन् । नेपाल विद्युत् प्राधिकरण मधेश प्रादेशिक कार्यालयका अनुसार

बाँकी पृष्ठ ३ ▸▸






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३१
: ९८०१३२१७३१
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### मोर्चाको २८ बुँदा घोषणा र कार्यान्वयन !

नेपालका सात राजनीतिक दलले मिलेर अग्रगामी मोर्चा घोषणा गर्दै सार्वजनिक गरेको २८ बुँदे अवधारणा पत्रले मुलुकको वर्तमान राजनीतिक, आर्थिक र सामाजिक संरचनामाथि गम्भीर प्रश्न उठाएको छ। सीमान्तकृत समुदायको अधिकार, समावेशी प्रतिनिधित्व, संघीयताको प्रभावकारी कार्यान्वयन, निर्वाचन प्रणाली सुधार, सामाजिक न्याय, आत्मनिर्भर अर्थतन्त्र, रोजगारी, सार्वजनिक सेवा र सन्तुलित परराष्ट्र नीतिलाई एउटै राजनीतिक दस्तावेजमा समेटिनु आफैंमा महत्वपूर्ण प्रयास हो। तर नेपालको समस्या नयाँ एजेन्डाको अभावभन्दा पनि स्वीकार गरिएका एजेन्डालाई व्यवहारमा रूपान्तरण गर्न नसक्नु हो। त्यसैले मोर्चाको वास्तविक परीक्षा यसको घोषणामा होइन, कार्यान्वयनको राजनीतिक इच्छाशक्तिमा हुनेछ। मोर्चाले नेपालको संविधान २०७२ मा संघीयता, प्रदेश संरचना, निर्वाचन प्रणाली, सरकार गठन, न्याय प्रणाली र समावेशी प्रतिनिधित्वलगायत क्षेत्रमा संरचनागत समस्या रहेको निष्कर्ष निकालेको छ। संविधानका कमजोरी र अस्पष्ट प्रावधान संशोधन, परिमार्जन वा पुनर्लेखन गर्नुपर्ने प्रस्ताव पनि गरिएको छ। संविधान संशोधन लोकतान्त्रिक प्रक्रियाको स्वाभाविक हिस्सा हुन सक्छ।

संविधानले अधिकार बाँडफाँट गरेपनि व्यवहारमा संघ, प्रदेश र स्थानीय तहबीच स्रोत, अधिकार र जिम्मेवारीको स्पष्ट तथा प्रभावकारी समन्वय हुन नसकेको गुनासो लामो समयदेखि छ। प्रदेशलाई राजनीतिक रूपमा मात्र अस्तित्वमा राखेर प्रशासनिक र आर्थिक अधिकार पर्याप्त नदिने हो भने संघीयता कमजोर हुन्छ। त्यसैले प्रदेश पुनर्संरचनाको बहस तथ्य, जनमत, भौगोलिक आवश्यकता र आर्थिक सम्भाव्यताका आधारमा हुनुपर्छ, केवल राजनीतिक दलहरूको सुविधा हेरेर होइन। मोर्चाले राजनीतिक अस्थिरता अन्त्यका लागि शासकीय स्वरूपमा परिवर्तन आवश्यक हुन सक्ने संकेत गरेको छ। नेपालको राजनीतिक अस्थिरताको कारण केवल शासकीय स्वरूप हो भन्ने निष्कर्षमा पुग्नु भने हतार हुनेछ। दलभित्रको लोकतन्त्रको कमजोरी, सत्ता केन्द्रित राजनीति, गठबन्धन संस्कार, कमजोर संस्थागत क्षमता र राजनीतिक जवाफदेहिताको अभाव पनि अस्थिरताका प्रमुख कारण हुन्। शासकीय स्वरूप परिवर्तनको बहस हुनुपर्छ, तर त्यसअघि विद्यमान व्यवस्थाका कमजोरीको वस्तुनिष्ठ समीक्षा र प्रस्तावित विकल्पको स्पष्ट खाका सार्वजनिक गर्नुपर्छ।

नेपालको भूराजनीतिक संवेदनशीलता बढिरहेका बेला कुनै पनि शक्ति राष्ट्रसँगको सम्बन्धलाई भावनात्मक वा दलगत दृष्टिले होइन, राष्ट्रिय हित, आर्थिक अवसर र दीर्घकालीन रणनीतिक स्वायत्तताको आधारमा सञ्चालन गर्नुपर्छ। समग्रमा, अग्रगामी मोर्चाको २८ बुँदे अवधारणा पत्रले नेपाली राजनीतिमा बहस गर्नुपर्ने धेरै महत्वपूर्ण विषय अघि सारेको छ। तर नेपाली जनताले घोषणापत्र, अवधारणा पत्र र राजनीतिक प्रतिबद्धताको लामो सूची धेरै पटक सुनिसकेका छन्। अब उनीहरूलाई अर्को दस्तावेजभन्दा परिणाम चाहिएको छ। मोर्चामा आबद्ध दलहरूले पहिले आफूभित्रै समावेशी लोकतन्त्रको अभ्यास गर्नुपर्छ। प्रस्तावित निर्वाचन सुधारका लागि स्पष्ट विधेयक र कार्ययोजना ल्याउनुपर्छ। संघीयता सुधारका लागि अधिकार र स्रोतको ठोस खाका दिनुपर्छ। युवालाई रोजगारी दिने कार्यक्रमको समयसीमा, बजेट र परिणामको मापदण्ड सार्वजनिक गर्नुपर्छ। सामाजिक सुरक्षाको विस्तारसँगै त्यसको वित्तीय स्रोत स्पष्ट गर्नुपर्छ। र संविधान संशोधनको बहसलाई सत्ता प्राप्तिको रणनीति नभई राष्ट्रिय सहमतिको प्रक्रियामा रूपान्तरण गर्नुपर्छ। राजनीतिमा नयाँ मोर्चा बन्नु आफैंमा परिवर्तन होइन। नयाँ राजनीतिक संस्कार, नयाँ कार्यशैली र नागरिकप्रति नयाँ जवाफदेहिता स्थापित हुनु नै परिवर्तन हो। सात दलले मिलेर अघि सारेको २८ बुँदे अवधारणा त्यस दिशाको सुरुआत बन्न सक्छ। तर त्यसका लागि अब दस्तावेज होइन, दृढ इच्छाशक्ति, स्पष्ट कार्ययोजना र देखिने परिणाम आवश्यक छ। मोर्चाको भविष्य पनि अन्ततः यही कसौटीमा तय हुनेछ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

# राज्यको अभिभावकत्व खोज्दै गोलबजारमा क्षति भोगेका व्यवसायी

अपन दैनिक संवाददाता
सिरहा, साउन २३ गते



सुनसरीको देवानगञ्जमा साउन १० मा दुई समूहबीच भएको झडपमा गोली चलेको विरोधमा मधेशका विभिन्न जिल्लामा पनि प्रदर्शन र आन्दोलन चर्कियो। जसमध्ये सिरहाको गोलबजारको आन्दोलन निकै उग्र बन्यो।

उक्त आन्दोलनमा गोली चल्दा एक युवकको ज्यान नै गयो भने अर्का एक जना घाइते भए। ज्यान गुमाउनेमा औरही गाउँपालिका-२ तुलसीपुरका १५ वर्षीय गणेश यादव हुन् भने धनुषाको धनुषाधाम नगरपालिका-८ धारापानी कुम्हराका १९ वर्षीय सुभाष ठाकुर घाइते भएका छन्।

गोलबजारको आन्दोलनमा मानवीय क्षति मात्रै भएन, यहाँ करोडौंको भौतिक र आर्थिक क्षति पनि भएको छ। आन्दोलनका क्रममा तोडफोड र आगजनी हुँदा मोफसलमा सञ्चालित मधेश प्रदेशकै ठूलो व्यावसायिक मलका रूपमा रहेको एबी मल ध्वस्त भएको छ।

एबी मलका प्रबन्ध निर्देशक जगीर अन्सारीका अनुसार यसमा भवन र सरसामान गरी कुल २५ करोड रुपैयाँ बराबरको क्षति भएको छ। 'यो हाम्रो प्रारम्भिक आँकडा हो,' जगीरले भने, 'विस्तृत क्षति मूल्यांकन बाँकी छ, यो बढ्न सक्छ।' यसबाहेक गोलबजारको निहाल आयरन स्टोर, झमझम होटल, असलम कपडा पसल, फेसन प्लाजालगायतमा तोडफोड र आगजनी हुँदा ठूलो आर्थिक क्षति भएको छ। कति क्षति भयो भन्ने यकिन तथ्यांक आएको छैन। यसरी तोडफोड र आगजनीबाट क्षतिको आँकडा करिब एक सय करोड छुने उद्योग व्यापार संघ, गोलबजारका विजयकुमार साहको अनुमान छ। क्षतिग्रस्त पसलहरू बन्द हुँदा करिब एक सय जनाको रोजगारी पनि गुमेको उनले बताए।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार तोडफोड र आगजनी व्होरेका करिब ५० जना पीडितले निवेदन दिएका छन्। यसमध्ये अधिकांश व्यवसायी छन् भने अरू घरधनीहरू रहेको उनले बताए।

भौतिक तथा आर्थिक क्षतिको मुचुल्का, विवरण संकलन तथा मूल्यांकन गर्ने कार्य अहिले भइरहेको र एक दुई दिनमा अन्तिम तथ्यांक आउनेछ। 'हामी तीन-चार दिनदेखि त्यसमै लागिरहेका छौं,' उनले भने, 'अन्तिम चरणमा पुगेका छौं, एक-दुई दिनमा क्षतिको तथ्यांक आइहाल्छ।'

घटनापछि भएका सर्वपक्षीय प्रयासहरूपश्चात् गोलबजारको अवस्था अहिले सामान्यजस्तो देखिए पनि व्यवसायीहरू भने निराश छन्। तोडफोड र आगजनीबाट क्षति भोगेका व्यवसायीहरू अब कसरी उठ्ने भन्ने चिन्तामा छन्। 'यहाँ कुनै पनि व्यापारी आफ्नै लगानीमा व्यापार गरेका थिएनन्, सबैको ऋण थियो,' स्थानीय व्यापारी सबाज खानले भने, 'यत्रो दिनरात मेहनत गरेर व्यापार जमाएका थियौं, तर अहिले हामी शून्यताको स्थितिमा पुग्यौं।'

यस्तो बेला राज्यले अभिभावकको भूमिका निभाउनपर्ने भएपनि आफूहरूले त्यस्तो महसुस गर्न नसकेको मोहम्मद फयास खान बताउँछन्। 'हामी समस्यामा पर्‍यौं, यस्तो बेला हाम्रो अभिभावक राज्य बनिदिनपर्ने हो,' उनले भने, 'तर, हामीले त्यस्तो महसुस गर्न सकेका छैनौं।'

यहाँका व्यापारीहरूलाई बैंकमा ब्याज र हर्जनामा छुट, राजस्वमा छुट, डाँढस दिने गरी राहत प्याकेजलगायतका व्यवस्था सरकारले गरिदिनपर्ने उद्योग व्यापार संघका अध्यक्ष साहको माग छ। 'गोलबजार जिल्लाकै सबैभन्दा धेरै चहलपहल हुने बजार थियो, अहिले जे भयो, दुर्भाग्यपूर्ण छ,' उनले भने, 'गोलबजारलाई फेरि पुरानै अवस्थामा फर्काउन राज्यले यी काम गर्नैपर्छ।'

प्रमुख जिल्ला अधिकारी पौडेलले भने मन्त्रीपरिषदबाट क्षति व्होरेका व्यापारीलाई राहत दिने गरी निर्णय भएको कुरा सुनेको भए पनि अहिलेसम्म कुनै त्यस्तो निर्देशन प्राप्त भइनसकेको बताएका छन्। 'हामी अहिले क्षतिको मूल्यांकन गर्दैछौं' उनले भने, 'अब यसपछि निर्देशन आएअनुसार गर्छौं।' गोलबजारसँगै लहान र सिरहामा पनि प्रदर्शनकारीले प्रदर्शन चर्काएका थिए। तर, त्यहाँ भने गोलबजारजस्तो क्षति हुन नपाएको पौडेलले बताए।

## सिरहामा सरकारले तोकेभन्दा प्रति सिलिन्डर २० रुपैयाँ .............

जिल्ला र इलाका प्रशासनले निगमले तोकेको मूल्यभन्दा बढीमा बिक्री गर्न नपाइने भनिरहेका बेला संघले सेवा शुल्क २० रुपैयाँ लिन पाउने गरी जारी गरेको विज्ञप्तिको लहान नगरपालिका, इलाका प्रशासन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ र उपभोक्ता मञ्चलाई बोधार्थ पठाएको थियो।

संघका जिल्ला अध्यक्ष श्यामनारायण सिंहको हस्ताक्षर रहेको पघिल्लो विज्ञप्तिमा निगमबाट तोकिएको दररेटभन्दा बढी रकम वा सेवा शुल्क नलिई ग्यास बिक्री गर्न आग्रह गरिएको छ।

निगमले निर्णय गरेको १७ असार देखि २२ साउनसम्म ग्यास बिक्रेताहरूले उपभोक्ताहरूबाट सेवा शुल्कको नाममा असुल गरेको रकम फिर्ता वा के हुन्छ भन्ने विषयमा अध्यक्ष सिंह र महासचिव रामप्रसाद साहसँग फोनमा पटक-पटक कुराकानी गर्ने प्रयास गरिए पनि सम्पर्कमा आउन चाहेनन्।

**'थप रकम लिएको पुष्टि भए कारबाही'**

ग्यास बिक्रेताहरूले तोकिएको मूल्यभन्दा बढी रकम लिएको सम्बन्धमा केही उपभोक्ताको गुनासो रहेको भन्ने आफूले पनि सुनेको जानकारी दिँदै सिराहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले २० रुपैयाँ बढी लिएको कोही उपभोक्ताले प्रमाणसहित आए सम्बन्धित बिक्रेतालाई कारबाही गरिने बताए। 'त्यही विषयमा बुझ्न शनिबार जिल्ला र इलाका प्रशासनको अनुगमन टोली खटाइएको छ,' उनले भने, 'सिरहाको कर्जन्हा, मिर्चैया, धनगढीमाईलगायतका क्षेत्रमा अनुगमन गरिएको छ।'

लहान नगरपालिकाका उपप्रमुख रामचलितर महतोले २१ साउनमा सूचना जारी गर्दै बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षण समितिको बैठकपछि नगर क्षेत्रका ग्यास बिक्रेता डिलरहरूलाई उपभोक्ताहरूबाट अतिरिक्त रूपमा लिइएको रकम सात दिनभित्र फिर्ता गर्न आग्रह गरेका थिए।

सूचनामा उपभोक्ताहरूले आफूले ग्यास खरिद गरेको सम्बन्धित डिलरमा गएर आफूले तिरेको बढी रकम फिर्ता लिन आग्रह गरिएको छ।

गत १६ असारको मध्यरातदेखि लागू हुने गरी निगमले खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिन्डर एक सय रुपैयाँ घटाएर १४.२ केजीको ग्यास सिलिन्डरको दुई हजार ६० र ७.१ केजीको सानो सिलिन्डरको मूल्य ५० रुपैयाँ घटाएर एक हजार ३० रुपैयाँ कायम गरेको थियो।

## आजको राशिफल

**मेष :** आर्थिक दृष्टिकोणले आजको दिन निकै सकारात्मक रहनेछ। मिठासपूर्ण भोजनको आनन्द मिल्नेछ।

**वृष :** चन्द्रमाको आफ्नै राशिमा उपस्थिति रहेकाले तपाईंमा ऊर्जा, उत्साह र आत्मविश्वास भरपूर रहनेछ।

**मिथुन :** आज खर्चको मात्रा बढ्न सक्नेछ। नजिकका मानिसहरूसँग विवाद हुन सक्ने भएकाले संयम रहनुहोला।

**कर्कट :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। लामो समयदेखि रोकिएका कामहरू पूरा हुने समय छ।

**सिंह :** कार्यक्षेत्रमा तपाईंको वर्चस्व कायम हुनेछ। नयाँ जिम्मेवारी वा पदोन्नतिको सम्भावना छ।

**कन्या :** भाग्यले पूर्ण साथ दिनेछ। धर्म, कर्म तथा अध्यात्मतिर मन जानेछ। लामो दूरीको धार्मिक वा शुभ यात्राको योग छ।

**तुला :** शारीरिक थकान वा स्वास्थ्यमा केही मन्दी महसुस हुन सक्छ। खानपान र रहनसहनमा ध्यान दिनुहोला।

**वृश्चिक :** व्यापार-व्यवसायमा राम्रो मुनाफा आर्जन गर्न सकिनेछ। नयाँ व्यावसायिक साझेदारीका लागि दिन अनुकूल छ।

**धनु :** प्रतिस्पर्धीहरूलाई पछाडि पार्दै आफ्ना योजनाहरू सफल बनाउन सकिनेछ।

**मकर :** बौद्धिक कार्य, अध्ययन र लेखनमा सफलता मिल्नेछ। प्रेमी-प्रेमिकाबीच आपसी समझदारी बढ्नेछ।

**कुम्भ :** घर-जग्गा वा सवारी साधनको कारोबार गर्दा अलि विचार पुर्‍याउनुहोला।

**मीन :** तपाईंको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ। छोटो दूरीको यात्रा लाभदायक रहनेछ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाइहरु सुपथ मूल्यमा पाइन्छ ।

# सुनसरी र सिरहा घटनाः
# जेनजीहरूले उठाए राज्यको भूमिकामाथि प्रश्न

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २३ गते**



गत साउन १० गते सुनसरीको देवानगन्ज र साउन १४ गते सिरहाको गोलबजारमा सुरक्षा निकायको गोली प्रहारबाट मृत्यु भएका नागरिकहरूप्रति विभिन्न जेनजी सम्बद्ध संघसंस्थाहरूले श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति संवेदना प्रकट गरेका छन्।

जेनजी मुभमेन्ट अलायन्स, जेन-जी सिभिक फोरम, नेवा जेन-जी र द रेड च्याप्टरले संयुक्त विज्ञप्ति जारी गर्दै उक्त घटनाहरूमा घाइते भएका सबैको शीघ्र स्वास्थ्य लाभको कामना गरेका हुन्। साथै साउन १० गते सुनसरीमा फैलिएको धार्मिक समुदाय बिचको झडपप्रति खेद व्यक्त गर्दै राज्यको भूमिकाप्रति गम्भीर ध्यानाकर्षण गराएका छन्।

वक्तव्यमा सुनसरी र सिरहामा भएको बल प्रयोगको स्वतन्त्र एवं निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कडा कारबाही गर्न माग गरिएको छ। गैरराज्य पक्षबाट भएको हिंसा, आगजनी, तोडफोड र लुटपाटको विवरण सङ्कलन गरी पीडितहरूलाई यथोचित क्षतिपूर्ति दिनका साथै दोषीलाई कारबाही गर्न गृह प्रशासनसँग आग्रह गरिएको छ।

यसैगरी, मधेश, थारुहट, मिटरब्याज तथा लघुवित्त आन्दोलनहरूमा जस्तै राज्य संयन्त्रले अत्यधिक बल प्रयोग गर्दा नागरिक हताहती बढेको भन्दै सुरक्षा निकायमा व्यापक सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

नेपालको संविधानको धारा ४ ले नेपाललाई धर्मनिरपेक्ष राज्यका रूपमा परिभाषित गरेको परिप्रेक्ष्यमा धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम राख्नुपर्नेमा जोड दिइएको छ। साउन २७ गते गृहमन्त्रीसमक्ष जनकपुरमा बुझाइएका कतिपय मागहरू असंवैधानिक र पश्चगामी रहेको भन्दै त्यस्ता अतिवादी मागहरूलाई कुनै पनि रूपमा सम्बोधन नगर्न सरकारसँग आग्रह गरिएको छ। कुनै पनि सम्प्रदाय वा समुदायप्रति घृणा र विद्वेष फैलाउने संस्थाको दर्ता खारेज गर्न, अनलाइन तथा सामाजिक सञ्जालबाट भ्रामक सामग्री हटाउन र विद्युतीय कारोबार ऐनअनुसार कारबाही गर्न माग गरिएको छ।

यसै गरी जेनजी आन्दोलन र सरकारबिच भएको सम्झौताको दफा २.३ अनुसार उच्चस्तरीय संयन्त्र गठन गरी सुरक्षा निकायमा नीतिगत तथा संस्थागत सुधारका सिफारिसहरू सार्वजनिक र कार्यान्वयन गर्न जोड दिइएको छ।

प्रदेश प्रहरी स्थापनाका लागि बनेका कानुनहरू सङ्घीयताको मर्म अनुसार कार्यान्वयन गर्नका साथै साम्प्रदायिक झडपका कारण भएको क्षतिको निष्पक्ष अनुसन्धान गरी पीडितलाई कानुनी, आर्थिक तथा मनोवैज्ञानिक सहायता उपलब्ध गराउन आग्रह गरिएको छ।

### तीन महिना पुग्न लाग्दा पनि ............

गर्न प्रहरीसँग माग गरेको छ। बालकको हत्या कसले र किन गरेको हो भन्ने विषय अझै रहस्यकै गर्भमा छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक बासुदेव पाठकले घटनाको अनुसन्धान जारी रहेको बताए। उनका अनुसार अनुसन्धानका लागि केन्द्रीय प्रहरी कार्यालयबाट समेत टोली खटिएको छ।

"घटनाको अनुसन्धान भइरहेको छ। केन्द्रीय कार्यालयबाट समेत टोली खटिएर अनुसन्धान गरिरहेको छ," एसपी पाठकले भने, "अनुसन्धानबाट दोषी पहिचान भएपछि कानुनी दायरामा ल्याइनेछ।"

घटनाको लामो समय बितिसक्दा पनि दोषी पहिचान हुन नसक्दा स्थानीयस्तरमा समेत सुरक्षा र न्यायप्रति चासो बढेको छ। परिवारले अनुसन्धानलाई निष्कर्षमा पुऱ्याई बालकको हत्यामा संलग्नलाई तत्काल कानुनी कारबाही गर्न माग गरेको छ।




# अस्तित्व संकटमा परेपछि मोर्चाबन्दीमा जुटे मधेशी-पहिचानवादी दल




**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन २३ गते**

पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा अनपेक्षित परिणामपछि अस्तित्व संकटको डिलमा पुगेका आठ पहिचानवादी दल/शक्तिले मोर्चाबन्दी थालेका छन्। शनिबार ती शक्तिहरूले बानेश्वर ब्यांक्वेटमा 'अग्रगामी मोर्चा'को घोषणा गरेका छन्।

कुनै समय मधेशमा लगभग कब्जा जमाएका मधेशवादी दल, पश्चिमको थारु बहुल्य समाजमा दबदबा कायम गरेका नागरिक उन्मुक्ति पार्टी, पूर्वी क्षेत्रमा निरन्तर पहिचानको मुद्दा उठाइरहेको खम्बुवान राष्ट्रिय मोर्चा जस्ता शक्ति यो मोर्चाबन्दीमा सामेल छन्।

त्यही मोर्चामा चुनावअगाडि मात्रै स्थापना भएको प्रगतिशील लोकतान्त्रिक पार्टीसमेत सामेल भएको छ।

मोर्चाको अवधारणापत्रमा जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साह, नागरिक उन्मुक्ति पार्टी नेपालका संरक्षक रेशमलाल चौधरी, प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष सन्तोष परियार, नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारी, बहुजन एकता पार्टीका अध्यक्ष डा. हरिनन्दनकुमार रञ्जन र खम्बुवान राष्ट्रिय मोर्चाका अध्यक्ष रामकुमार राईले हस्ताक्षर गरेका छन्।

**ठूला र प्रभावशाली नामको गठजोड**

यो मोर्चाबन्दीमा नेपाली राजनीतिमा आफ्नो छाप छाडेका ठूला र प्रभावशाली नामहरू एकठाउँमा जोडिएका छन्।

मधेश आन्दोलनको संघर्षबाट उदाएका र पटक-पटक सरकारको मन्त्री/उपप्रधानमन्त्री बनेका उपेन्द्र यादव, नेपाली कांग्रेसको राजनीतिबाट उदाएर पछि मधेशको पहिचानवादी राजनीतिमा शक्तिशाली भूमिका निर्वाह गरेका महन्थ ठाकुर, पश्चिममा थारु आन्दोलनबाट शक्ति आर्जन गरेका रेशम चौधरी यो मोर्चाबन्दीमा सामेल छन्।

यस्तै, माओवादी सशस्त्र विद्रोहका प्रभावशाली कमान्डर जनार्दन शर्मा, माओवादी संघर्षमै आफूलाई खारेर पछि एमाले हुँदै मधेशकेन्द्रित दल चलाएका प्रभु साह पनि यहीमा मोर्चामा सामेल छन्।

पछिल्लो समय मधेशमा वैकल्पिक शक्ति बनाउने प्रयास गरेका चर्चित नाम डा. सीके राउतदेखि राष्ट्रिय राजनीतिमा वैकल्पिक शक्ति बन्ने यात्रा तय गर्दा रास्वपाका सारथी रहेका सन्तोष परियार पनि अहिले यो मोर्चाका हिस्सेदार बनेका छन्।

यो मोर्चाले पछिल्लो समय मधेशमा प्रतिस्पर्धी र एकप्रकारले शत्रुतापूर्ण राजनीतिक सम्बन्ध रहेका उपेन्द्र यादव र डा. सीके राउतलाई समेत एक ठाउँमा ल्याएको छ।

**त्यो इतिहास, यो मोर्चाबन्दी**

यी दल/शक्तिले शनिबार अग्रगामी मोर्चाको घोषणा गर्देगर्दा राष्ट्रिय राजनीति वृत्तले खास्सै अर्थपूर्ण रूपमा लिएको छैन। न यसको खास्सै चर्चा नै भएको छ।

त्यसको कारण उनीहरूसँग रहेको पछिल्लो राजनीतिक शक्ति र आम जनसमर्थनको घनत्वको कमी हो। फागुन २१ को निर्वाचनले एक समयमा आफ्नो समुदायमा बलियो प्रभुत्व जमाएका यी दललाई धरासायी बनाइदिएको छ।

तर, यी दल/शक्तिको केही वर्षअघिसम्मको इतिहास हेर्ने हो भने यति निरीह अवस्था भने थिएन।

मधेश आन्दोलनपछिका वर्षमा उपेन्द्र यादवको शक्ति राष्ट्रिय राजनीतिमै निर्णायक थियो। त्यसमा महन्थ ठाकुर अर्का शक्तिशाली पात्र थिए। ती दलको सहयोग र संलग्नताबिना सरकारसमेत बन्दैनथे।

संघीयतापछि मधेश प्रदेशमा मधेशकेन्द्रित दलकै बोलबाल रह्यो। पहिलो पाँच वर्ष उपेन्द्र-महन्थ लगायतका नेताहरू शक्तिशाली रहँदा दोस्रो पटक डा. सीके राउत पनि नयाँ शक्ति बनेर उदाएका थिए।

जनार्दन शर्मा र प्रभु साह माओवादी पृष्ठभूमिका प्रभावशाली नेता हुन्। माओवादीले संघर्षकालदेखि नै पहिचानवादी राजनीतिक मुद्दा उठाउँदै आएको थियो। शर्माले कर्णाली प्रदेशको माओवादी संगठनमा मजबुत पकड राख्दा साहले मधेश प्रदेशमा राख्दैआएका थिए। यद्यपि, दुवैले माओवादीको मुलधारबाट बाहिरिएर आ-आफ्नै शक्ति निर्माणको प्रयास थालेका थिए।

पश्चिम तराईको थारु समुदायमा बलियो पकड जमाउँदै लगेका रेशम चौधरीको पार्टी आफ्नै पारिवारिक विवादमा परेर कमजोर बनेको छ।

यी सबै शक्तिले पछिल्लो निर्वाचनमा आफ्नो प्रभाव क्षेत्रमै कमजोर मत पाएका छन्। यी कुनै पनि शक्तिसँग अहिलेको प्रतिनिधिसभामा सिट छैन। जसले यी दलमाथि अहिले अस्तित्वकै संकट मडारिएको छ।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष धमेन्द्र झा यी शक्ति अहिले मोर्चाबन्दीमा जुट्नुमा तीन कारण देख्छन्।

'लोकतन्त्रमा दलबीचको गठबन्धन अस्वाभाविक मान्नुहुन्न। यस्ता मोर्चा बनिरहन्छन्, भत्किन्छन् पनि,' उनी भन्छन्, 'तर, अहिलेको यो मोर्चा मूलतः अस्तित्व रक्षाका लागि रहेको कुरा लुकेको छैन। यसमा तीन कारण म देख्छु।'

पहिलो- राजनीतिक शक्ति जोगाउनु, दोस्रो- आफूले विगतमा बोक्दै आएको एजेन्डाको सुरक्षा र तेस्रो दीर्घकालीन रूपमा राजनीतिक ध्रुवीकरण रहेको झाको बुझाइ छ।

'प्रतिनिधिसभा निर्वाचनमा बेहोरेको परिणामजस्तै आगामी स्थानीय तह र प्रदेशसभाको निर्वाचनमा पनि नतिजा आए यी दलको अस्तित्व लगभग सकिन्छ। त्यसैले पहिलो कारण त्यो राजनीतिक शक्ति जोगाउन यो मोर्चाबन्दीको आवश्यकता महशुस गरेका हुनसक्छन्,' झाले भने। त्यसका लागि कम्तीमा मधेशकेन्द्रित शक्तिले त्यहाँ शक्ति सञ्चित गर्ने उद्देश्य राखेको हुनसक्ने उनी बताउँछन्।

मोर्चाबन्दीमा अटाएका दल र शक्तिले नै विगतमा नेपालमा पहिचानको मुद्दालाई उचाइ दिएको बताउँदै पत्रकार झाले अहिले त्यो संकटमा परेका बताए।

'पहिचानको मुद्दा अहिले कमजोर अवस्थामा छ। त्यसको रक्षा गर्न पनि यो मोर्चा बनाउन खोजिएको हुनसक्छ,' उनले भने।

'अर्को अहिले नेपालमा वामपन्थी कित्तालाई धक्का लागेको छ। यो मोर्चाबन्दीमा रहेका अधिकांश नेता वामपन्थी पृष्ठभूमिका छन्,' उनले भने, 'भविष्यमा हुनसक्ने वामपन्थी ध्रुवीकरणलाई सहज बनाउन पनि यो कदम चालिएको हुनसक्ने म देख्छु।'

**अवधारणापत्रमा के छ ?**

अग्रगामी मोर्चा घोषणा गर्दा लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, पहिचान जस्ता विषय अवधारणापत्रमा समेटिएका छन्। जसमा विभिन्न २८ वटा उद्देश्य राखिएका छन्।

जसमा एकताभित्रको विविधता र सामाजिक-सांस्कृतिक एकतालाई महत्वका साथ राखिएको छ। 'राष्ट्रिय/जातीय पहिचान'को मान्यता राख्ने पनि उल्लेख छ।

यस्तै, प्रदेशमा स्वायत्त तथा स्वशासन र संघमा 'साझा शासन'को सिद्धान्त अवलम्बन गर्नेमा मोर्चामा अटाएका दलले एकमत राखेका छन्।

बाँकी पृष्ठ ४

### मधेशमा पाँच वर्षमा ९९ ............

पछिल्ला पाँच वर्षमा प्रदेशभर ९९ वटा ट्रान्सफर्मर चोरी भएका छन्।

प्राधिकरणका प्रशासन प्रमुख कालिचरण यादवका अनुसार ट्रान्सफर्मरभित्र प्रयोग हुने तामाको तार महँगो मूल्यमा बिक्री हुने भएकाले चोरीका घटना बढेका हुन्।

सबैभन्दा धेरै महोत्तरीमा ३५ वटा ट्रान्सफर्मर चोरी भएका छन्। त्यसपछि बारामा १५, धनुषामा १४, रौतहटमा १०, सर्लाही र सिरहामा ९/९, सप्तरीमा ३ र पर्सामा २ वटा ट्रान्सफर्मर चोरी भएका छन्। चोरी भएका ट्रान्सफर्मर १५ केभीएदेखि २०० केभीएसम्म क्षमताका रहेका छन्।

ट्रान्सफर्मर चोरीका कारण सिँचाइ प्रभावित हुँदा किसान समस्यामा परेका छन्। मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले चोरी भएका ट्रान्सफर्मरको खोजी भइरहेको जानकारी दिएका छन्।

### सिरहामा ९१ किलो गाँजासहित एक जना ..........

गरिएको छ। पाँच जनाले कपडाको नाम्लोमा गाँजा जस्तो देखिने पदार्थ प्याक गरिएको बोरा बोकेका पाँच जनामध्ये साहबाहेक अन्य फरार भएकाले खोजी भइरहेको उनले बताए।

प्रहरीका अनुसार बरामद गरिएको गाँजा जस्तो पदार्थसहित साहलाई लहान प्रहरीमा ल्याएर थप अनुसन्धान भइरहेको छ। गाँजा बरामद भएको क्षेत्र भारतीय सीमावर्ती बजार लौकाहा नजिकै पर्ने भएकाले बलान खोला हुँदै तस्करहरुले प्रतिबन्धित गाँजा भरियामार्फत भारतीय क्षेत्रमा पुर्याउन प्रयोग गरेको हुन सक्ने अनुमान गरिएको छ।

# मधेश प्रदेशको मुख्यमन्त्री कार्यालय परिसरमा 'डीडीसी'ले थाल्यो स्टल राख्ने तयारी

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २३ गते**

मधेश प्रदेशको मुख्यमन्त्री कार्यालय परिसरमा दुग्ध विकास संस्थान (डीडीसी)ले दुग्धजन्य सामग्री बिक्रीवितरण गर्ने स्टल राख्ने तयारी थालेको छ।




स्टल राख्नका लागि मन्त्रिपरिषद् कार्यालयसँग छलफल भइसकेको र एक हप्ताभित्रै स्टल राख्ने गरी तयारी भइरहेको दुग्ध विकास आयोजना ढल्केवर शाखाका प्रमुख दिनेश जोशीले जानकारी दिए। जोशीका अनुसार मुख्यमन्त्री कार्यालय परिसरमा विभिन्न मन्त्रालय पनि रहेकाले स्टल राख्ने तयारी थालिएको हो।

उनले भने, 'कर्मचारी र सर्वसाधारण समेत गरी एक हजारभन्दा बढी मान्छेको दिनहुँ आवतजावत हुन्छ। स्वदेशी उत्पादनको प्रबर्द्धनसँगै स्वस्थ्यकर पनि हुने भएकाले यहाँ स्टल राख्ने तयारी थालिएको हो। मुख्यमन्त्री कार्यालयसँग छलफल भइसक्यो। अबको एक हप्ता, १० दिनभित्र यहाँ स्टल राखिसक्छौं।'

संस्थानले अहिले दुग्धजन्य पदार्थबाट निर्मित दही, रसभरी, बटर, पनिर, घ्यु, मोही, विभिन्न फ्लेभरयुक्त आइसक्रिम उत्पादन गर्दै आइरहेको छ। यहाँ राखिने स्टलबाट यी सबै पदार्थ बिक्री वितरण गरिने आयोजनाले जनाएको छ।

एक महिना अघि प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले स्वदेशी उत्पादन भन्दै डीडीसीको 'चिज' खाँदै गरेको तस्बिर सार्वजनिक भएपछि डीडीसीबाट उत्पादित सामग्रीहरूको बिक्री वितरण ह्वात्तै बढेको थियो।

जनकपुर चुरोट कारखाना हाताभित्र अहिले मुख्यमन्त्री कार्यालयसँगै अर्थ मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालयसमेत छ। स्वदेशी उत्पादनलाई प्रबर्द्धन, प्रोत्साहन गर्नुपर्छ भन्नेमा सबै एकमत छन्। त्यही उद्देश्यले मुख्यमन्त्री कार्यालय परिसरमा यो स्टल राख्न लागिएको मधेश प्रदेश दुध विकास बोर्डका उपाध्यक्ष डा शम्भु साहले बताए। उनले भने, 'डीडीसी सरकारी संस्थान हो। यसको उत्पादन गुणस्तरीय सँगै स्वस्थ्यकर हुने भएकाले कर्मचारी, सेवाग्राही सबैका लागि राम्रै हुन्छ।'

आयोजना प्रमुख जोशीका अनुसार ढल्केबर शाखाबाट सहकारी र व्यावसायिक फार्मबाट गरी दैनिक २ हजार २ सय देखि २ हजार ५ सय लिटर दुध सङ्कलन हुने गरेको छ।

# गणेशको परिवारलाई मधेश सरकारले घर बनाइदिने

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २३ गते**

सिरहाको गोलबजारमा गोली लागेर मृत्यु भएका किशोर गणेश यादवको परिवारलाई मधेस सरकारले घर बनाइदिने भएको छ।



मधेश प्रदेश सरकारको 'विपन्नसँग मदन भण्डारी आवास योजना'अन्तर्गत मृतक यादवको परिवारका लागि सरकारले दुई कोठे भवन, भान्सा र शौचालय निर्माण गरिदिने भएको हो।

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंह र मृतकका परिवारबीच शुक्रबार यससम्बन्धी सहमति भएको छ।

मृतकका बुवा रामबृक्ष यादव, भौतिक पूर्वाधार कार्यालय सिरहाका इन्जिनियर रामनारायण यादव, औरही गाउँपालिका-२ का वडाध्यक्ष रामअयोध्या यादव तथा स्थानीय समाजसेवी र अगुवाहरूको उपस्थितिमा यससम्बन्धी लिखित सहमति समेत गरिएको छ।

घटनालगत्तै गणेशको परिवारलाई भेटेपछि मन्त्री सिंहले अवस्था कमजोर रहेको र घर बनाएर सरकारको उपस्थिति देखाउनुपर्ने प्रस्ताव प्रदेश सरकारको बैठकमा राखेका थिए।

परिवारले जग्गा उपलब्ध गराउनेबित्तिकै निर्माण कार्य प्रारम्भ हुने मन्त्री सिंहले बताए।

प्रदेश सरकारले यसका लागि बजेट पनि विनियोजन गरिसकेको छ।

मृतक गणेशका बुवा रामवृक्ष यादवका लागि रंगरोगनसहित दुई कोठे भवन, किचेन र शौचालय निर्माण गर्न ५ लाख ४६ हजार रुपैयाँ बजेट विनियोजन गरिएको पूर्वाधार विकास कार्यालय सिरहाका इन्जिनियर रामनारायण यादवले बताए।

उनकाअनुसार चालु आर्थिक वर्ष २०८३/०८४ भित्रै निर्माण कार्य सक्ने लक्ष्य राखिएको छ।

# ढल्केवर ट्रमा सेन्टर जोगाउन मेयरदेखि सांसदसम्म सडकमा, स्वास्थ्यमन्त्रीको राजीनामा माग

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २३ गते**

धनुषाको ढल्केवरमा प्रस्तावित ट्रमा सेन्टर निर्माणको माग गर्दै जारी आन्दोलनमा शनिबार सांसदसमेत सडकमा उत्रिएका छन्। ट्रमा सेन्टर ढल्केवरबाट अन्यत्र सार्न खोजिएको भन्दै भइरहेको आन्दोलनमा शनिबार जनप्रतिनिधिहरूले सडकमा उत्रिएर ऐक्यबद्धता जनाएका हुन्।

गत मंगलबार प्रतिनिधिसभा बैठकमा स्वास्थ्यमन्त्री निशा मेहताले मधेश प्रदेशको लहानमा ट्रमा सेन्टर बन्ने बताएपछि ढल्केवरमै निर्माण गर्नुपर्ने मागसहित स्थानीयले आन्दोलन चर्काएका छन्। मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोको नेतृत्वमा गठित ढल्केवर ट्रमा सेन्टर संरक्षण संघर्ष समितिले बिहीबार धनुषाका प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाउँदै पहिलो चरणको आन्दोलन थालेको थियो।

शनिबार आन्दोलनको तेस्रो दिन विरोध ऱ्यालीमा प्रतिनिधिसभा सदस्य डा. चन्द्रमोहन यादव, प्रदेशसभा सदस्यहरू हरिनारायण महतो, शेषनारायण यादव, कुमरकान्त झा, मिथिला नगरपालिकाका मेयर महेन्द्र महतो, उपमेयर सुनिता सिंह बुढाथोकी अग्रपंक्तिमा देखिएका थिए। स्थानीयको सशक्त उपस्थिति देखिएको ऱ्यालीमा स्वास्थ्यमन्त्री निशा मेहताको राजीनामा माग गर्दै चर्को नाराबाजी गरेका थिए।

प्रदर्शनमा सहभागी सांसद तथा जनप्रतिनिधिले ढल्केवरका लागि अघि बढिसकेको ट्रमा सेन्टरको योजना अन्यत्र सार्ने निर्णय स्वीकार्य नहुने चेतावनी दिएका छन्। उनीहरुले स्थानीयको मागविपरीत सरकार अघि बढे सशक्त आन्दोलन चर्काउने घोषणा गरेका छन्। स्वास्थ्य तथा जनसंख्यामन्त्री मेहताले ट्रमा सेन्टर लहानमा निर्माण गर्ने अभिव्यक्ति दिएपछि ढल्केवरमा त्यसको विरोध भइरहेको छ। स्थानीयले मन्त्रीको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै ढल्केवरमा निर्माण गर्ने भनिएको योजना अन्यत्र सार्न खोजिएको आरोप लगाउँदै आएका छन्।

शनिबारको शान्तिपूर्ण विरोध ऱ्यालीलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य डा. चन्द्रमोहन यादवले स्थानीयको आन्दोलनलाई सदनमा सशक्त रुपले निरन्तर आवाज उठाउने विश्वास दिलाए। ढल्केवरमै ट्रमा सेन्टर निर्माणका लागि सरकारको घुँडा टेकाउन शान्तिपूर्ण आन्दोलनको विकल्प नरहेको उनले जिकिर गरे। प्रदेशसभा सदस्य हरिनारायण महतोले यथास्थितिमै ढल्केवरमा ट्रमा सेन्टर निर्माण प्रक्रिया अघि बढाउन सरकारसँग आग्रह गरे। उनले स्थानीयको आन्दोलनलाई सरकारले बेवास्ता गरे ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिए।

प्रदेशसभा सदस्य कुमरकान्त झाले ढल्केवरमा ट्रमा सेन्टर स्थापना गर्ने विषयमा छेडखानी नगर्न सरकारलाई सचेत गराए। उनले यो विषयलाई लिएर प्रदेशसभामा पनि अवरोध सिर्जना गर्ने उल्लेख गरे। मधेश प्रदेश सरकारका पूर्वमन्त्रीसमेत रहेका प्रदेशसभा सदस्य शेषनारायण यादवले स्थानीयको आन्दोलनमा निरन्तर साथ र समर्थन रहने प्रतिबद्धता जनाए। उनले सरकारले ढल्केवरमा यथाशीघ्र ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिए। ट्रमा सेन्टर ढल्केवरमै निर्माण हुने स्पष्ट प्रतिबद्धता नआएसम्म आन्दोलन जारी राख्नुको विकल्प नरहेको उनको भनाइ थियो।

ट्रमा सेन्टरका विषयमा स्थानीयको आन्दोलनमा सांसद र जनप्रतिनिधिको प्रत्यक्ष सहभागिता बढ्दै गएपछि सरकारमाथि राजनीतिक दबाबसमेत बढेको छ। आन्दोलनकारीले ढल्केवरमै ट्रमा सेन्टर निर्माणको सुनिश्चितता गर्न माग गर्दै आएका छन्। हाल मिथिला नगरपालिका-७, साविकको ढल्केवर गाविस वडा नं २'क' को कित्ता नं १६९ को चार विघा क्षेत्रफल रहेको ऐलानी जग्गालाई आधार मानेर संघीय सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा धनुषाको ढल्केवरमा ट्रमा सेन्टर निर्माण गर्ने शीर्षकमा पहिलो पटक रकम विनियोजन गरेको थियो।

उक्त योजनाका लागि जग्गा प्राप्तिको प्रक्रिया पनि पूरा भइसकेर लालपूर्जा बनिसकेको मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले बताए। शिलान्यासको संघारमा रहेको उक्त योजना स्वास्थ्य मन्त्रीको अभिव्यक्तिले अन्योलमा परेकाले बाध्य भएर आन्दोलनमा उत्रिनु परेको उनको भनाइ छ।




# छात्रवृत्ति प्राप्त विद्यार्थीबाट पनि शुल्क असुल्दै विद्यालयहरू

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २३ गते**

जनकपुरधाम उपमहानगरपालिकाभित्र रहेका अधिकांश विद्यालयहरूले छात्रवृत्ति प्राप्त विद्यार्थीहरूसँग पनि रकम असुल्दै आएको खुलेको छ।

विद्यार्थीहरूले गुनासो गर्न थालेपछि जनकपुरधाम उपमहानगरपालिकाले कडाइ गरेको छ।

शुक्रबार उपमहानगरपालिकाको शिक्षा समितिले संस्थागत (निजी) विद्यालयहरूसँग छलफल गर्दै छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीबाट तोकिएको सीमाभन्दा बढी शुल्क नलिन कडा निर्देशन दिएको छ।

छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीबाट कक्षा एक देखि पाँच सम्म अधिकतम सात हजार रुपैयाँ, कक्षा छ देखि आठ सम्म अधिकतम नौ हजार रुपैयाँ तथा कक्षा नौ देखि दस सम्म अधिकतम दस हजार रुपैयाँसम्म मात्र शुल्क लिन पाइने समितिले जानकारी गराएको छ। समितिले तोकेको यो सीमाभन्दा बढी कुनै पनि शीर्षकमा शुल्क लिन नपाइने स्पष्ट गर्दै बढी शुल्क लिएको पाइए जरिवानासहित थप कारबाही गर्ने चेतावनी पनि दिइएको छ।

साथै निर्धारित सीमाभन्दा बढी शुल्क असुल गरिसकेका विद्यालयहरूले अतिरिक्त रकम सम्बन्धित विद्यार्थीलाई अनिवार्य रूपमा फिर्ता गर्नुपर्ने निर्णयसमेत छलफलमा भएको छ।

## अस्तित्व संकटमा परेपछि मोर्चाबन्दीमा जुटे मधेशी ................

संविधान संशोधनबारे पनि मोर्चाले धारणा राखेको छ। जसमा 'नेपालको संविधान २०७२ मा संरचनात्मक त्रुटि र अनेकौं अस्पष्टता तथा कमीकमजोरीले गर्दा सङ्घीयता कार्यान्वयनमा चुनौती, अव्यावहारिक र जटील रहेको' भनिएको छ।

त्यसैले अधूरो, अपूर्ण र स्वामित्वको अभाव रहेको संविधान संशोधन, परिमार्जन वा पुनर्लेखन हुनुपर्ने भनिएको छ।

यस्तै, मोर्चाका उद्देश्यप्रति प्रतिबद्ध दल र संगठन मोर्चाको सदस्य हुनसक्ने सर्त राखेर अन्य दललाई पनि आउने बाटो खुला राखेको छ।

यस्तै, केन्द्रदेखि प्रदेश, जिल्ला र महानगर/उपमहानगरसम्म मोर्चाका साझा समिति गठन गर्ने र मोर्चाको नेतृत्व सहमति वा पालैपालोका आधारमा गर्नसक्ने पनि अवधारणापत्रमा भनिएको छ।

यस्तै निर्वाचनमा साझा रणनीति र संयुक्त सहभागिता गर्ने, आन्दोलन, संघर्ष र अभियान पनि संयुक्त रूपमा सञ्चालन गर्ने कार्यक्रम तय गरिएको छ।

## मत्स्य केन्द्रबाट एक वर्षमा ४ करोड ............

केन्द्रबाट उत्पादित भुरा मधेश प्रदेशका धनुषा, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सासहित बागमती प्रदेशका काठमाडौं, सिन्धुली, रामेछाप र दोलखा तथा कोशी प्रदेशका सुनसरीलगायतका जिल्लाका किसानले खरिद गर्दै आएका छन्।

केन्द्रले रहु, नैनी, भाकुर, कमन कार्प, सिल्भर कार्प, बिगहेड कार्प र ग्रास कार्पका भुरा उत्पादन गर्दै आएको छ।

गत आर्थिक वर्षमा केन्द्रले चार करोड ७५ लाख पाँच हजार ह्याचलिङ, ३२ लाख ३६ हजार फ्राइ भुरा, १२ लाख ६२ हजार फिङ्गरलिङ तथा दुई हजार किलो खाने माछा उत्पादन गरेको थियो।

केन्द्रले निजी क्षेत्रका ह्याचरी सञ्चालकलाई तालिम तथा प्राविधिक ज्ञान दिँदै आएको छ।

विसं २०१८ मा स्थापना भएको केन्द्रमा ७८ वटा माछापोखरी रहेकामा १९ वटा पोखरी प्रयोगविहीन छन्।

